**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.१०२

पुनरावेदन नं. ०७५-RB-०१२२

पुनरावेद दर्ता मितिः २०७५।०८।०६

**मुद्दाः– भन्सार मुल्यांकन** (M6976)

| | |
|---|---|
| श्री रतन इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त जिल्ला रौतहट चन्द्रनिगाहपुर वडा नं ६ घर भई हाल का.जि.का.म.न.पा.वडा नं १४ बस्ने वर्ष ४३ को पवन कुमार साह ........................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं ....................१<br>श्री सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सिया, पर्सा..........................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री ओम कुमार दाहाल

: विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सिया, पर्सा

शुरु कार्यालयको निर्णय मितिः–२०७४/१२/२१

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

मूल्य पुनरावलोकन गर्ने कार्यालय :- मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर,काठमाडौं

मूल्य पुनरावलोकन निर्णय मिति : २०७५/०४/२७

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट भएको मिति २०७५/०४/२७ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र दर्ता गर्नुपर्नेमा काबु बाहिरको परिस्थितिका कारण दर्ता हुन नसकेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२३ बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम आफुले पाकिस्तानबाट पैठारी गरी ल्याएको मालवस्तु **(PAKISTAN WHITE SUGAR)** को प्रति मे.टन ३६८ अमेरीकी डलर कारोबार मूल्य घोषणा गरी मिति २०७४।१२।२१ मा सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगञ्ज, पर्सामा निवेदन पेश गरेको। प्रस्तुत फर्मले पैठारी गरी ल्याएको मालवस्तुको मूल्य **Asycuda Database** मा रहेको मूल्यभन्दा कम भएकोले घोषित मूल्यका सम्बन्धमा थप पुष्टि गर्न कागजात तथा प्रमाणहरु पेश गर्न उक्त कार्यालयले पैठारीकर्तालाई मिति २०७४।१२।२१ पत्राचार गरेको।

२. पुनरावेदकले मिति २०७४/१२/२१ मा पेश गरेको पत्रको जवाफ, सो संलग्न कागजात तथा मालवस्तुको गुणस्तरसमेतलाई मध्यनजर गर्दा भन्सार ऐन, २०६४ को दफा १३(२) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन, मुल्याङ्कनको लागि पेश भएको मालवस्तु जस्तै चारित्रिक गुण भएको **White Refined SUGAR** पाकिस्तान तथा अन्य देशबाट पैठारी हुदाँ प्रति मे.ट. **USD 460** को दरले भन्सार मूल्य कायम भएको यसै कार्यालयको अभिलेखबाट देखिदा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम क्रमशः अवलम्वन गर्नुपर्ने सोही ऐनको दफा १३(९) बमोजिम यस अघि नेपालमा आयात भएको मालवस्तुसँग मिल्दोजुल्दो **(Similar Goods)** बस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखियो, यसमा विजकको उल्लेखित मालवस्तु **(SUGAR)** को प्रति इकाई (मे.ट) मूल्य **CNF Kolkata USD 460** कायम गरी जम्मा बिजकको मूल्य **CNF Kolkata USD 119600.00** मा कोलकत्ता देखिको भाडा, बीमा र अन्य सम्बद्ध खर्चहरु समेत समावेश गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम कारोबार मूल्य कायम हुने भनी सुख्खा बन्दरगाह भंसार कार्यालय, वीरगंज, पर्साबाट भएको मिति २०७४/१२/२१ को निर्णय।

३. प्राप्त कागजातहरुको अध्ययन गर्दा सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंज, पर्साले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम कारोबार मूल्य कायम गरेको र भन्सार मुल्याङ्कन निर्देशिका २०६८ को आधार अनुसार **Asycuda World System** मा रहेको अभिलेख हेर्दा सुख्खा बन्दरगाह भन्सार कार्यालयको **M912** मिति **16/01/2018** तथा **M3271** मिति **21/02/2018** मा पनि क्रमशः **USD 460 Per MT** र **USD 466 Per MT** मा सोही प्रकृतिको मालबस्तु **(SUGAR)** जाँचपास भएको देखिदा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेको भनी उक्त मालबस्तुको मूल्य

४६० अमेरीकी डलर प्रति मे.टन कायम गर्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंज, पर्साबाट भएको निर्णय कानून सम्मत नै देखिंदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५/०४/२७ मा भएको निर्णय ।

४. भन्सार ऐन, २०६४ को दफा १३(२) मा पैठारी गरिने मालवस्तुको भन्सार मूल्य उपदफा (१) को अधिनमा रही त्यस्तो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ भन्ने व्यवस्था गरिएको, ऐ ऐनको दफा २(ख) ले कारोबार मूल्यलाई परिभाषित गरेकोमा उक्त परिभाषाबाट मालवस्तुको विक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वास्तविक भुक्तानी गरेको वा गर्नुपर्ने रकम उल्लेख भएकोबाट पैठारीकर्ताले विक्रेता कम्पनीलाई वास्तविक रुपमा के कति रकम भुक्तानी गरेको छ त्यस्तो कारोबार मूल्यको आधारमा खरीद मूल्य स्थापित हुन्छ, एलसि खोली पैठारी भई आएको सामानमा एलसीमा उल्लेखित मोल भन्दा थप अप्रत्यक्ष भुक्तानी गरेको तथ्य कहिकतैबाट स्थापित वा पुष्टी भएको अवस्था नरेहेको, पुनरावेदकले आपूर्तिकर्तालाई भुक्तानी नगरेको र मुल्यांकन पुनरावलोकन समितिले समेत उक्त तथ्यलाई स्थापित गर्न नसकेको अवस्थामा एल.सि.मार्फत भएको कारोबारलाई मनासिव कारण बिना शंकास्पद भन्न वा त्यस सम्बन्धमा दफा १३(६) लाई क्रियाशिल बनाउन सक्ने अवस्था छैन, शंका गर्नुपर्ने मनासिव कारणलाई मनासिव आधारमा शंकास्पद सत्यमा परिणत गर्नुपर्ने दायित्व विपक्षी कार्यालयको भएकोमा शंकालाई सत्यमा परिणत गरिएको व्यहोरा कही कतैबाट खुल्न नआएकोले ऐ.ऐनको दफा १३(९) आकर्षित हुने वा सो को आधारमा मोल कायम गर्ने कुरा हुन सक्दैन र गर्न सकिदैन, ऐ.ऐनको दफा १३(७) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य वा पेश गरेको बील, बीजक र कागजातको आधारमा मूल्य निर्धारण हुन नसकेमा कारण सहितको सूचना पैठारीकर्तालाई दिनु पर्नेमा सो कार्य विपक्षी कार्यालयबाट नभएको हुँदा विपक्षी कार्यालयबाट मिति २०७४/१२/२१ मा भएको निर्णय त्रुटिपूर्ण रहेकोले उक्त निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत बदर गरी बिजक एल.सि. मा उल्लेखित मोललाई कायम गरी विपक्षीले लिएको बढी राजस्व भन्सार महसुल समेत फिर्ता दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक रतन इन्भेष्टमेन्ट प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०८।०६ गते पेश भएको पुनरावेदन पत्र।

५. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट भएको मिति २०७६।०४।१९ को आदेश ।

## ठहर खण्ड

६. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदक रतन इन्भेष्टमेन्ट प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री

ओम कुमार दाहाल र श्री रमण कुमार कर्णले पुनरावेदक करदाताले पैठारी गरेको चिनीको मूल्य प्रति मेट्रिक टन ३६८ अमेरिकी डलर रहेको कुराको पुष्टि सम्बन्धित पैठारीकर्ताले जारी गरेको प्रोफर्मा इनभ्वाइस, कमर्सियल इन्भ्वाइस तथा निवेदकले बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको कागजातहरुबाट प्रमाणित भैरहेको अवस्थामा उक्त प्रमाणहरुलाई वेवास्ता गर्दै वास्तविक मुल्यभन्दा फरक प्रति मे.टन ४६० अमेरीकी डलर भन्सार मूल्य कायम गर्ने गरी सुरु भन्सार कार्यालयबाट भएको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पैठारीकर्ताबाट पेश भएको बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको **Asycuda Database** को मूल्यभन्दा कम भएको तथा अन्य सूचना प्रणाली एवं स्थानीय मूल्यभन्दा कम भएको कारण निजले घोषणा गरेको मूल्य वास्तविक मूल्य हो भन्ने अवस्था नभएको र सो कुराको प्रमाण समेत पैठारीकर्ताबाट पेश नभएको कारण प्रत्यर्थीहरुबाट भएको निर्णय कानूनसम्मत रहेको छ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

७. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुबै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायी तथा उपन्यायाधिवक्ताबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरु अध्ययन गरी हेर्दा विपक्षी कार्यालयहरुबाट पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी भएको निर्णय मिलेको छ छैन? पुनरावेदकको माग वमोजिम आयातित मालबस्तुको कारोबार मूल्य कायम हुनुपर्ने हो होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

८. अब निर्णयतर्फ विचार गर्दा, पैठारीकर्ता रतन इन्भेष्टमेन्ट प्रा.लि. खरिद गरी ल्याएको **Pakistan White Sugar** को भन्सार मूल्य निर्धारणका लागि खुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सामा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम प्रति मे.टन.३६८ अमेरिकी डलर कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको **Asycuda Database** तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो वस्तुको प्रति इकाई मूल्य ४६० अमेरिकी डलर प्रति मे.टन कायम गरी मालवस्तुको जाँचपास हुने भनी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेको भनी सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३(९) वमोजिम कायम गरेको मूल्य **USD 460** प्रिति मेट्रिक टन कानून सम्मत नै रहेको भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत निर्णय भएको देखिन्छ। हाम्रो कम्पनीले पैठारी गरेको **Commercial Invoice** को मूल्य

वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको **Invoice** तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिने गरी प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

९. पुनरावेदक पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम मालबस्तु पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन गर्दा उक्त मूल्य **Asycuda Database,** अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम भएको भन्ने प्रत्यर्थीहरुको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा "पैठारीकर्ताले उपदफा ३ वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। पैठारीकर्ताले उल्लेखित ऐनको व्यवस्था वमोजिम **Commercial Invoice** लगायतका अन्य कागजातहरु पेश गरेको भन्ने समेत जिकिर लिएको तर भन्सार कार्यालयले माग गरेवमोजिमको प्रमाण र पुष्ट्याइ पेश गर्न सकेको देखिँदैन।

१०. पैठारीकर्ताबाट आयातित **Pakistan White Sugar** बस्तुको समान चारित्रिक गुण भएका वस्तु पाकिस्तान तथा अन्य देशबाट अन्य पैठारीकर्ताले आयात गर्दा प्रति मेट्रिक टन **460 USD** का दरले भन्सार मूल्य कायम गरिएको भन्ने सुख्खा भन्सार कार्यालय, वीरगंजको अभिलेखबाट समेत देखिएको भन्ने छ। भन्सार ऐन, २०६४ को दफा १३(९) ले "...समरुपका मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालबस्तु **(Similar Goods)** को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।" भन्ने व्यवस्था गरेको छ। यसरी सोही भन्सार नाकाबाट समान प्रकृतिको मालवस्तुको अघिल्लो कारोबार मूल्य **USD 460** प्रति मे.टन भएको स्पष्ट **Database** रहेको अवस्थामा सोलाई आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्य **USD368** लाई अमान्य गर्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियाले गरेको निर्णय र सोलाई समर्थन गर्ने गरि मूल्यांकन पुनरावलोक समितिबाट मिति २०७५।०४।२३ मा भएको निर्णयलाई अन्यथा भन्न मिलेन।

११. पैठारीकर्ताले पैठारीको क्रममा पेश गरेको कागजातहरुको आधारमा आफूले पेश गरेबमोजिम कारोबार मूल्य कायम हुनुपर्ने भन्ने जिकिर लिएतापनि निजले पैठारी गरेको मालवस्तुको मूल्याङ्कन भन्सार ऐन, २०६४ को परिच्छेद ५ मा रहेको भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्थाको दफा १३ ले तोकेको विधि तथा प्रक्रियाको आधारमा भएको नदेखिँदा पैठारी गरेको चिनीको कारोबार मूल्य **368 USD** प्रति मे.टन नै कायम हुनुपर्छ भनी लिएको जिकिर मिलेको देखिन आएन।

१२. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ३०५५३०६७७ भएका पुनरावेदक पैठारीकर्ता श्री रतन इन्भेष्टमेन्ट प्रा.लि.बाट भएको कारोबार मूल्यको घोषणा सम्बन्धमा सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट बिजकमा उल्लेखित मालवस्तुको प्रति इकाई मूल्य **USD 368** लाई मान्यता नदिई **USD 460.00** प्रति मे.टन कायम गर्ने गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम भन्सार मूल्य निर्धारण गरी ऐ. दफाको उपदफा १५(क) वमोजिम मालबस्तु जाँचपास गर्ने भनी मिति २०७४।१२।२१ मा गरेको निर्णय र सोलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति काठमाडौंबाट मिति २०७५।०४।२७ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन । अरु तपसिल वमोजिम गर्नू।

## तपसिल खण्ड

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ..........................................................................................................१

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु......................................................................................................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु...........................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः-प्रमोद रिजाल
टिपोटमा सहयोग गर्नेः डिठ्ठा सुनिता थापा
ईति सम्वत् २०७७ साल फाल्गुण १७ गते रोज् २ शुभम्...............................।